नि.प्र.का. सप्तरी द.नं. ११/०४८/०४९ स.नि.हु.का.द.नं. ५/०६४/०६५

# राजविराज दैनिक

वर्ष ३१ अंक १३९ २०७८ साल पुस १४ गते बुधबार (29 Dec. 2021 Wednesday) मूल्य रु. ५/-

कोरोना संक्रमणदर घटेको मात्र हो: पूर्णरुपमा हटेको छैन ।

त्यसैले सचेत र सतर्क रहौं ।

विद्यालय तथा अन्य जमघटमा जाँदा

स्वास्थ्य मापदण्डको अनिवार्य पालना गरौं ।

नेपाल सरकार विज्ञापन बोर्ड

Log on : rajbirajdainik.com.np

यस अंक भित्र : २ पृष्ठमा : कोरोनामा अभिभावक गुमाएकाले.. ३ पृष्ठमा : प्रदेश नं २ का तीन जिल्लाका ... ३ पृष्ठमाचीनभित्रै भएका कोरोना...

## गजेन्द्र नारायण सिंह अस्पतालमा अक्सिजन प्लान्टबाट उत्पादन शुरु



**दैनिक समाचारदाता**
**राजविराज, १३ पुस ।**

राजविराजस्थित गजेन्द्र नारायण सिंह अस्पतालले अक्सिजनको अभाव हुन नदिन अस्पताल हाता भित्रै अक्सिजन प्लान्टको स्थापना गरेको छ ।

दुई दिन अघि मात्र सफल परिक्षण गरिएपछि उक्त प्लान्ट मंगलवारदेखी संचालनमा आएको हो । प्लान्ट संचालनमा आएपछि जटिल, स्वास प्रस्वासका गम्भिर समस्या भएका तथा कोरोनाका विरामीलाई अन्यत्र जानु पर्ने बाध्यता समेत हटेको छ ।

उक्त प्लान्टबाट दैनिक २ सय ८० देखी २ सय ९० सिलिण्डर अक्सिजन उत्पादन हुने लक्ष्य रहेको अस्पतालका मेसु डा. रन्जित झाले जानकारी दिएका छन् । अक्सिजनको माग बढे उत्पादन बढाउन बैकल्पिक उपायको रुपमा अस्पताल परिसर मै थप एउटा लिक्वीड प्लान्ट समेत जडान गरिएको उनले बताए ।

अस्पतालमा १५ वटा भेन्टिलेटरसहित १५ शैयाको आईसियु र ४ वटा भेनिटलेटर तथा २५ शैयाको अत्याधुनिक हाईडिपेन्सी युनिट सेवा समेत तैयारी अवस्थामा छ ।

अक्सिजनको उत्पादन शुरु भएसंगै उक्त सेवाहरु पनि प्रभावकारी ढंगले अघि बढ्ने मेसु डा.झाले बताए । यसअघि अस्पतालले दुहबी डिपो तथा अन्य स्थानबाट अक्सिजन आपूर्ती गर्दै आएको थियो ।

गत भदौं महिनामा स्वास्थ्य तथा जनसंख्या मन्त्रालयबाट ३ करोड ७३ लाखको सहयोग प्राप्त हुना साथ संरचना निर्माण र अक्सिजन प्लान्ट जडानको काम शुरु भएको थियो ।

उपकरण जडान गर्ने इजिइन्फा प्रालि काठमाण्डौंका इन्जिनियर सन्तोष धितालले मंगलवार एक कार्यक्रमबीच प्लान्ट संचालनमा ल्याई मेडिकल सुपरिटेण्डेन्ट डा. झालाई हस्तान्तरण गरे लगतै उत्पादन शूरु गरिएको हो ।

## वडा अध्यक्षहरुले नगरपालिकाको सबै वडा कार्यालयमा गरे तालाबन्दी



**दैनिक समाचारदाता**
**राजविराज, १३ पुस ।**

आफ्नो नेता कार्यकर्तामाथी आक्रमण गर्ने एक वडा अध्यक्षमाथी कारवाही गर्न माग गर्दै जनमत पार्टीले सुरु गरेको सडक अन्दोलनलाई लक्षित गर्दै वडा अध्यक्षहरु पनि आन्दोलनमा उत्रेका छन् ।

सप्तरीको हनुमाननगर कंकालिनी नगरपालिका वडा नं. ११ का वडा अध्यक्ष मोहि यादवको नेतृत्वमा एक टोलीले गत शनिबार आफ्ना नेता कार्यकर्तामाथी आक्रमण र कार्यक्रम स्थलमा तोडफोड गरेको भन्दै जनमत पार्टीका कार्यकर्ताले आइतबारदेखी सडक आन्दोलनमा छन् ।

यता मंगलबार उक्त नगरपालिकाका सबै १४ वटै वडाका वडा अध्यक्षले आ-आफ्नो वडा कार्यालयमा तालाबन्दी गरि

*बाँकी तीन पृष्ठमा*

मास्क लगाउनुहोस्

मैले लगाएको मास्कले तपाईंको सुरक्षा गर्छ



तपाईंले लगाउनुभएको मास्कले मेरो सुरक्षा गर्छ

हामी सबैको साझेदारीले मात्र हामी एक अर्कालाई बचाउन सक्छौं



मास्क लगाऔं

भौतिक दुरी कायम गरौं

बेलाबेलामा साबुनपानीले हात धोऔं

अनुरोधकर्ता : तिलाठी कोइलाडी गाउँ कार्यपालिकाको कार्यालय सप्तरी

## किसान तथा कार्यकर्ता पक्राउ गरेको बिरोधमा जनमतद्वारा चक्काजाम



**दैनिक समाचारदाता**
**राजविराज, १३ पुस ।**

गहुँको बीउ लुटपाटमा संलग्न रहेको आरोपमा किसानलाई पक्राउ गरेको तथा सो को बिरुद्ध आन्दोलनका क्रममा कार्यकर्तालाई प्रहरीले पक्राउ गरेको भन्दै जनमत पार्टी सप्तरीले मंगलबार सप्तरीमा चक्काजाम गरेको छ ।

जिल्लाको कंचनरुप नगरपालिकास्थित पूर्वपश्चिम राजमार्गमा जनमत पार्टीका नेता कार्यकर्ताले एक घण्टा चक्कजाम गरेको हो । चक्काजामका कारण

*बाँकी अन्तिम पृष्ठमा*

## सम्पादकीय

# वार्ता र सम्वादले समस्या समाधान गरौं

कुनै पनि समस्याको समाधान वार्ता र सम्वादबाट निस्कने सर्वविदितै छ । यो मध्यमार्गी बाटोले मात्र अहिलेको समयमा समस्या समाधान हुने हो । विश्वको हरेक समस्या यही माध्यमबाट समाधान हुने हो । यो बाटो छोडेर अन्य बाटो रोज्नु भनेको द्वन्दलाई निम्त्याउनु जस्तौ हो । यही मार्गलाई अपनाएर विश्वका ठूला ठूला समस्या समाधान भएको छ । हाम्रो नेपालमा पनि माओवादी जनयुद्ध, सशस्त्र द्वन्द तथा अन्य राजनैतिक संकट पनि यही बाटोबाट समाधान भएको सबैसामु छर्लङ छ ।

अहिले जनमत पार्टीले किसानहरुको समस्या समाधान र पक्राउ परेकाहरुलाई रिहा गर्न माग गर्दै विगत दुई दिनदेखी जारि राखेको सडक आन्दोलनका क्रममा निकै धनजनको क्षति भएको छ । जसकारण प्रदेश २ को जनजिवन नै प्रभावित भएको छ । राजमार्ग अवरुद्ध हुनुका साथै सवारीसाधनमा क्षति तथा यात्रुहरुलाई निकै कष्ट भोग्नु परेको छ । आन्दोलनको अन्य स्वरुपहरु हुँदा हुँदै पनि हडतालकै बाटो रोज्नु भनेको सबैलाई कष्ट हुनु हो । यसका लागि सम्बन्धीत पार्टीले मनन् गर्नु पर्छ ।

तसर्थ कुनै पनि समस्यालाई वार्ताकै माध्यमबाट समाधान तथा त्यसको दिर्घकालिन उपाय सोच्नु पर्ने अहिलेको आवश्यकता हो । कष्ट दिएर कसैलाई भलो नहुने विश्वविदित भनाई प्रति एक पटक सोच्नु पर्ने बेला आएको छ ।

पुरानो रोगको उपचारका लागि सम्पर्क गरौं ।
होमियोप्याथिक रिसर्च इन्स्टिच्युट
डा. सुशील मोहन दास
(बी.एच.एम.एस)
सिरहा रोड, राजविराज फोन : ०३१-५२१९६८

डा. ललन प्रसाद रौनियार
Dr. Lalan Prasad Rauniyar
MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338
कन्सलटेन्ट बाल रोग विशेषज्ञ
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

डा. रंजना गिरी
Dr. Ranjana Giri
M.B.B.S. MD (Obstetrician and Gynaecologist)
Infertility Specialist (Consultant IVF)
NMC No. : 10635
बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ
बाझपन, कमजोरी, लिकोरिया, महिनाबारी समस्याको सफल उपचार
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

# कोरोनामा अभिभावक गुमाएकाले निःशुल्क शिक्षा पाउने

काठमाडौँ, १३ पुस (रासस) ।

कोभिड-१९ महामारीमा अभिभावक गुमाएसँगै आर्थिक अभावका कारण विद्यालय छाड्न बाध्य बालबालिकाले निःशुल्क शिक्षा पाउने भएका छन् । राजनीति, व्यवसाय र सामाजिक कार्यमा सक्रिय युवाको प्रयासमा टुहुरा बालबालिकाका लागि छात्रवृत्ति अभियान सुरु गरिएको हो ।

यहाँ सोमबार आयोजित एक कार्यक्रमबीच नेपाली कांग्रेसका महामन्त्री गगनकुमार थापा र डिशहोम नेटवर्कका प्रबन्ध निर्देशक एवं कामना सेवा विकास बैंकका अध्यक्ष सुदीप आचार्यले संयुक्त रुपमा सो अभियानको औपचारिकरुपमा घोषणा गर्नुभयो । 'भरोसा छात्रवृत्ति' नाम दिइएको उक्त अभियानका लागि प्रारम्भिक चरणमा डिशहोम परिवारले आर्थिकरुपमा व्यवस्थापन गर्नेछ ।

कार्यक्रममा महामन्त्री थापाले मृतक परिवारका अरु कयौँ समस्या भए पनि बालबालिकाको शैक्षिक निरन्तरता बढी चुनौतीपूर्ण रहेको निष्कर्षसहित आफूहरु अभियानमा जुटेको बताउनुभयो । कोरोना महामारीका कारण अभिभावक गुमाएकाको मुख्य जिम्मेवारी राज्यको भए पनि सचेत नागरिकले व्यक्तिगत वा संस्थागत रुपमा योगदान गर्न जरुरी रहेको उहाँको भनाइ थियो ।

"कोभिड-१९ महामारीको दुवै लहरमा धेरैले आफन्त गुमाएका छन् । त्यस्ता परिवारका अरु थुप्रै समस्या छन् । आर्थिक अभावका कारण शैक्षिक निरन्तरता चुनौतीपूर्ण भएको अवस्थामा त्यो पाउने वातावरण बने नागरिकको समाजमाथिको भरोसा बढ्छ", थापाले भन्नुभयो, "मलाई चिन्दै नचिनेको व्यक्तिले मलाई पढाउन सघायो भन्ने भावनाले उसले समाजमाथि विश्वास गर्ने वातावरण बन्छ ।"

डिशहोमका प्रबन्ध निर्देशक आचार्यले छात्रवृत्तिको दायरा फराकिलो बनाउँदै कोभिडबाहेक भविष्यमा हुनसक्ने अरु सम्भावित महामारीका कारण अभिभावक गुमाएका बालबालिकालाई समेट्ने सोच रहेको जानकारी दिनुभयो । "महामारी र अप्ठेरोका कारण आर्थिक अवस्था कमजोर भएर शैक्षिक निरन्तरता दिन नसक्ने बालबालिकाको जिम्मा हामी लिन्छौँ", आचार्यले भन्नुभयो । छात्रवृत्तिलाई डिशहोमको मात्र नभई नेपालीको साझा अभियान बनाइने उल्लेख गर्दै आचार्यले अभियानमा सघाउन सबैलाई अपिल गर्नुभयो ।

अभियन्ता एवं सञ्चारकर्मी चारु चट्टाले शिक्षाको महत्व अथाह भएको भन्दै महामारीका कारण कोही पनि शिक्षाको अवसरबाट वञ्चित हुन नपरोस् भन्ने उद्देश्य आफूहरुको रहेको बताउनुभयो । राजनीतिज्ञ, कर्मचारी, चिकित्सक, शिक्षकलगायतको उत्पादन शिक्षाबाटै सम्भव भएकाले यसलाई राज्य र समाजले प्राथमिकतामा राख्नुपर्नेमा उहाँले जोड दिनुभयो । 'टिच फर नेपाल' की प्रमुख कार्यकारी अधिकृत स्वस्तिका श्रेष्ठले गरिब र भूमिहीन कोभिड महामारीबाट सबैभन्दा बढी प्रभावित भएको उल्लेख गर्नुभयो ।

"जसको जमिन छैन । जो हरेक कोणबाट पछि परेको छ र पारिएको छ । उसको शिक्षाबाहेक टेक्ने अरु जमिन नै छैन" उहाँले भन्नुभयो ।

सिन्धुपाल्चोकलाई प्रमुख कार्यथलो बनाएर शिक्षा क्षेत्रमा सक्रिय संस्था 'हेल्प नेपाल' का सञ्चालक जिमी लामाले कोभिड-१९ र पोष्ट कोभिडका कारण मारमा परेका विद्यार्थीको शैक्षिक निरन्तरता चुनौतीपूर्ण रहेको जानकारी दिनुभयो ।

तथ्याङ्क सङ्कलनमा कार्यरत संस्था 'फचाक्ट नेपाल' का प्रमुख कार्यकारी अधिकृत मनिष झाले नेपालमा २७ लाख बालबालिका गरिबीका कारण शिक्षाबाट वञ्चित रहँदै आएकामा पछिल्लो केही समयमा उक्त सङ्ख्या घटेर १४ लाखमा झरेको जानकारी दिनुभयो । महामारीका कारण शिक्षाबाट वञ्चित देशभरका बालबालिकाको तथ्याङ्क सङ्कलन भइरहेको उहाँले बताउनुभयो । भरोसा छात्रवृत्ति अभियानमा सहयोग गर्न उहाँले सबैमा अपिल गर्नुभयो ।

एक वर्षका लागि छात्रवृत्तिमा आवश्यक रकमको व्यवस्था डिशहोम परिवारले गर्ने छ । डिशहोमका लगानीकर्ता, कर्मचारी तथा देशभरका डिलर/सब डिलरबाट रु ४० लाख सङ्कलन गरिएको जानकारी सो अवसरमा दिइयो । आचार्यका अनुसार विद्यार्थी छनोट गर्दा मानव विकास सूचकाङ्कमा कमजोर रहेका कर्णाली, सुदूरपश्चिम र प्रदेश-२ का जिल्लालाई प्राथमिकतामा राखिने छ । फचाक्ट नेपालले कोरोनाका कारण ज्यान गुमाएकाको तथ्याङ्क सङ्कलन गर्ने र सोही तथ्याङ्कका आधारमा विद्यार्थी छनोट गरिने अभियानले जनाएको छ । छात्रवृत्ति पाउने विद्यार्थीलाई डिशहोम सञ्जालमार्फत रकम प्रदान गरिने छ । विद्यार्थीले हाल अध्ययन गरिरहेका विद्यालयमै पूर्ण छात्रवृत्तिको सुविधा पाउने छन् । छात्रवृत्तिको समन्वय गर्ने जिम्मेवारी हेल्प नेपाललाई दिइएको छ ।

# निर्माणाधीन आयोजनाको दुर्घटना छानबिन गर्न समिति गठन

काठमाडौँ, १३ पुस (रासस) ।

सरकारले सोलुखोला दूधकोशी जलविद्युत् आयोजनामा सोमबार भएको दुर्घटनाको छानबिनका लागि तीन सदस्यीय छानबिन समिति गठन गरेको छ ।

ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालयका सहसचिव चिरञ्जीवी चटौतको संयोजकत्वमा छानबिन समिति मंगलबार गठन गरेको हो । समितिका अन्य सदस्य भने तोक्न बाँकी रहेको ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालयले जनाएको छ । ऊर्जामन्त्री पम्फा भुसालले दुर्घटनाप्रति चासो व्यक्त गर्दै तत्काल छानबिन प्रक्रिया अगाडि बढाउन निर्देशन दिनुभएको थियो ।

सरकारले निधन भएका प्राविधिक कर्मचारीप्रति श्रद्धाञ्जलि प्रकट गर्दै शोकसन्तप्त परिवारमा समवेदना प्रकट गरेको छ । दुर्घटनामा थप एक कर्मचारी घाइते हुनुभएको छ । साहस ऊर्जाले प्रवर्द्धन गरिरहेको ८६ मेगावाट क्षमताको सोलुखोला दूधकोशी जलविद्युत् आयोजनाको परीक्षणका क्रममा पाइप विष्फोट भई इञ्जिनीयर सुवासराज रेग्मी र कर्मचारी अर्जुन थापाको निधन भएको हो ।

पेनस्टक पाइपको हाइड्रोलिक परीक्षणका क्रममा पाइप फुट्दा उक्त दुर्घटना हुन पुगेको हो । प्रवर्द्धक कम्पनीका अनुसार पाइपको ज्वाइनमा परीक्षण गर्दा दुर्घटना भएको हो । आयोजनामा प्रयोग गरिएका हाइड्रो-मेकानिकलतर्फको काममा दुर्घटनाले प्रश्न खडा गरेको छ ।

ऊर्जामन्त्री भुसालले दुई युवा तथा प्रतिभाशाली प्राविधिकको असामयिक निधनको खबरले आफूलाई अत्यन्त दुःख लागेको बताउनुभएको थियो । मन्त्री भुसालले उहाँहरूप्रति श्रद्धाञ्जलि व्यक्त गर्दै परिवारजन, आफन्त तथा सहकर्मीमा समवेदना प्रकट गर्नुभएको छ । साहस ऊर्जाका प्रमुख हिमप्रसाद पाठकले दुर्घटनाको बारेमा आन्तरिकरुपमा नै छानबिन भइरहेको र घाइतेको उपचार भइरहेको जानकारी दिनुभयो ।

# चिसो बढेपछि विद्यालय जाने बालबालिका घटे

उदयपुर, १३ पुस (रासस) ।

केही दिनयतादेखि मौसममा परिवर्तन हुनाका साथै ह्वात्तै चिसो बढेपछि जिल्लाको पहाडी क्षेत्र र तराईका विद्यालयमा विद्यालय जाने विद्यार्थीको सङ्ख्या घट्न थालेको छ ।

सबैभन्दा उच्च पहाडी क्षेत्रमा अवस्थित लिम्चुङबुङ गाउँपालिको माझखर्क, सातदोबाटे तथा रौतामाई गाउँपालिकाको नामेटार, टाट्ने र रौता बोलुङ्खा क्षेत्रका विद्यालयका तल्ला कक्षाका विद्यार्थीको उपस्थिति चिसोको कारण न्यून हुन थालेको सम्बन्धित विद्यालयका शिक्षकले बताए । एक हप्तादेखि ह्वात्तै चिसो बढ्न थालेपछि तल्ला कक्षाका नानीहरूको उपस्थिति कम हुन थालेको रौता बोलुङखास्थित पञ्चकन्या आधारभूत विद्यालयका शिक्षिका रीताकुमारी मगरले बताउनुभयो ।

ह्वात्तै चिसो बढेका कारण नानीहरूमा निमोनिया वा टाइफाइड हुने र चिसोका कारण अन्य असर हुन सक्ने भन्दै अहिले अभिभावकले साना नानीहरूलाई बिद्यालय नपठाएको सोही स्थान निवासी दानबहादुर पुलामी मगरले उल्लेख गर्नुभयो । यता जिल्लाको तराई क्षेत्रको त्रियुगा नगरपालिकाको जोगिदह, मोथ्याई, चौदण्डी नगरपालकाको हँडिया, सुन्दरपुर तथा बेलका नगरपालिकाको तपेस्वरी भागलपुर र आम्बासी क्षेत्रका विद्यालयमा पनि चिसो बढ्न थालेपछि ५० प्रतिशत मात्र विद्यार्थी दैनिक उपस्थित हुने गरेको र अन्य भने चिसोको कारण घरमानै बस्ने गरेको सप्तकोशी माविका शिक्षिका सुमित्रा पोखरेलले जानकारी दिनुभयो ।

ह्वात्तै चिसो बढ्न थालेका कारण र अझै कोभिडको डर त्रासका कारण पनि कतिपय अभिभावकले घरमै राख्न थालेको हँडियास्थित जनता माविका शिक्षक बाबुनारायण चौधरीको भनाइ थियो । जिल्लाको सदरमुकाम गाईघाट,बेलका नगरपालिकाको आसपास, चौदण्डी गढी नगरपालिकाको बेल्टार र कटारी बजारका विद्यालयमा भने अहिलेसम्म पनि विद्यार्थी नियमति विद्यालय आइरहेको सम्बन्धित विद्यालयका शिक्षकले बताए ।

जिल्ला सदरमुकामबाहेक पहाडी र अन्य क्षेत्रका विद्यालयका विद्यार्थी पनि चिसोको कारण विद्यालयमा उपस्थिति घटन थालेको बताइएको छ ।

# प्रदेश नं २ का तीन जिल्लाका तीन हजार २३४ दलित विपन्न परिवारले पाए पक्की भवन

**राजु विश्वकर्मा**
जनकपुर, १३ पुस (रासस) ।

धनुषाको शहीदनगरका ५५ वर्षीय शिवजी सदाले पक्की घर पाएपछि खुसीले गदगद छन् । वर्षौंदेखि फुसको छानोमा ६ जना परिवारका सदस्यसहित बस्दै आएका सदा अब भने पक्की घरमा ढुक्कसँग बस्न पाएपछि सुखी भएका हुन् ।

"मान्छेलाई बाच्नका लागि खानासँगै घर पनि चाहिन्छ, तर घर नहुँदा फुसको छाप्रोमा जेनतेन परिवारसँगै बस्दै आएका थिए", उहाँले भन्नुभयो, "जनता आवास कार्यक्रमअन्तर्गत सरकारले पक्की घर बनाइदिएपछि घरको समस्याबाट मुक्त भइयो, अब त केबल कमाएर परिवार मात्र पाल्नु छ ।" आर्थिक विपन्नता र गरिबीको मार खेप्दै आएका आफू यो जुनीमा पक्की घरमा सुत्न पाउँछु भने कल्पना नै गरेको थिइन् तर पक्की घरको मालिक नै बन्न पाइएकोमा सरकारलाई साधुवाद छ, उहाँको भनाइ छ ।

उमेरले ६५ पूरा गरिसकेका महोत्तरीको गौशाला नगरपालिकाका असर्फी सदालाई पनि पक्की घरको मालिक बन्छु भने विश्वासै थिएन् । तर जनता आवास कार्यक्रमअन्तर्गत उहाँले पनि पक्की घर पाएपछि हर्षित बन्नुभएको छ । "हामी वर्षौंदेखि फुसको छाप्रोमा दिन बिताउँदै आएका थियौं," उहाँले भन्नुभयो, "सरकारले हाम्रो समस्यालाई बुझेर पक्की घर बनाइदिएकोमा हामी खुसी छौँ ।" यसबाट वर्षौंदेखि भोग्दै आएको घरबारविहीनताको समस्या समाधान हुने उहाँको विश्वास छ ।

यी दुईजना त उदाहरण मात्र हुन्, धनुषा, महोत्तरी र सर्लाहीका तीन हजारभन्दा बढी दलित, विपन्न परिवारले जनता आवास कार्यक्रमअन्तर्गत पक्की भवन पाएका छन् । फुसको छाप्रोमा कष्टकर जीवनयापन गर्दै आएका दलित विपन्न परिवारले पक्की आवास भवन पाएपछि हर्षित बनेका छन् ।

जनता आवास कार्यक्रमअन्तर्गत विगत पाँच वर्षको अवधिमा प्रदेश नं २ को धनुषा, महोत्तरी र सर्लाहीका तीन हजार २३४ दलित तथा विपन्न परिवारले पक्की भवन पाएका छन् । जनता आवास कार्यक्रमअन्तर्गत आर्थिक वर्ष २०७२/७३ देखि आव २०७७/७८ सम्म धनुषाका ७९५, महोत्तरीका एक हजार ५६० र सर्लाहीका दुई हजार ३७० गरी चार हजार ७२५ दलित तथा विपन्न परिवारले पक्की आवास भवनका लागि सम्झौता गरेका हुन् । तीमध्ये धनुषाका ५०६, महोत्तरीका एक हजार ५८ र सर्लाहीका एक हजार ६७० गरी तीन हजार २३४ दलित तथा विपन्न परिवारले पक्की आवास भवन पाएको सहरी विकास तथा भवन कार्यालय जनकपुरले जनाएको छ ।

सङ्घीय सरकारको बजेटबाट गत आर्थिक वर्ष २०७६/०७७ मा धनुषाका ३७५, महोत्तरीका ५०७ र सर्लाहीका ८९८ दलित विपन्न परिवारलाई पक्की आवास निर्माण गरी हस्तान्तरण गरिएको सहरी विकास तथा भवन कार्यालय जनकपुरका प्रमुख विनोदकुमार यादवले जानकारी दिनुभयो । उहाँका अनुसार आर्थिक वर्ष २०७५/७६ मा धनुषाका १३१, महोत्तरीका २५१ र सर्लाहीका ४४३ दलित विपन्न परिवारलाई पक्की आवास निर्माण गरी हस्तान्तरण गरिएको छ । यसैगरी धनुषाका २८१, महोत्तरीका ५०२ र सर्लाहीका ७०० गरी एक हजार ४९१ दलित विपन्न परिवारका लागि पक्की आवास भवन निर्माणाधीन अवस्थामा रहेको प्रमुख यादवले जानकारी दिनुभयो ।

आर्थिक वर्ष २०७७/७८ धनुषामा ७१ आवास भवन बनाउने सम्झौता भएकोमा कोराना भाइरस सङ्क्रमण जोखिमका कारण एउटा पनि भवन निर्माण सम्पन्न गर्न नसकिएको प्रमुख यादवले जानकारी दिनुभयो । बरण्डासहित दुई कोठे पक्की भवनका लागि सरकारले प्रति घर रु तीन लाख ३२ हजार ५०० का दरले बजेट छुटचाएको छ । यसका साथै घरसँगै शौचालय निर्माणका लागि थप रु १५ हजार विनियोजन गरिएको कार्यालय प्रमुख यादवको भनाइ छ ।

अतिविपन्न तथा दलित समुदायलाई आवास उपलब्ध गराउने सरकारी योजनाअनुसार आर्थिक वर्ष ०६६-०६७ देखि धनुषा, महोत्तरी र सर्लाहीलगायतका जिल्लामा जनता आवास कार्यक्रम सञ्चालन भइरहेको छ । आव २०७३/०७४ सम्म जनता आवास कार्यक्रम सङ्घीय सरकारले सञ्चालन गर्दै आएकामा आर्थिक वर्ष २०७४/०७५ बाट प्रदेश सरकारले सो कार्यक्रमलाई निरन्तरता दिँदै आएको छ ।

### *वडा अध्यक्षहरुले ...*

सोको साँचो नगर प्रमुख शैलेश प्रसाद साहलाई बुझाएका छन् । उनीहरुले नगर प्रमुख साहलाई एक ज्ञापनपत्र समेत बुझाउँदै उक्त घटनामा जनमत पार्टीका कार्यकर्ता दोषि रहेकाले कारवाहीका लागि पहल गर्न माग गरेका छन् ।

जिल्ला प्रशासन कार्यालय, जिल्ला प्रहरी कार्यालय, जिल्ला समन्वय समिति र पत्रकार महासंघ सप्तरीलाई बोदार्थसमेत दिइएको उक्त ज्ञापनपत्रमा गत शनिबार आयोजित जनमत पार्टीको कोणसभाका क्रममा वडा नं ११ वडा अध्यक्ष मोही यादवलाई गालिगलौज गरेको तथा वडा नं. १० वडा अध्यक्ष श्रवण मण्डलको घरमै पसि उनीमाथी हातपात गरेको उल्लेख गरेका छन् ।

यसबारे प्रहरीमा उजुरी दिँदा पनि हालसम्म कुनै कारवाही नभएकाले बाध्य भई वडा कार्यालयहरुमा तालाबन्दी गरिएको र तत्काल कारवाही नगरिए बुधबार हनुमाननगर कंकालिनी नगरपालिकाको कार्यालयमा समेत तालाबन्दी गरि आन्दोलन चर्काउने विज्ञप्ति मार्फत चेतावनी दिइएको छ ।

यता जनमत पार्टीका जिल्ला सचिव थानेश्वर साहले वडा अध्यक्षको आन्दोलनले आफू चकित परेको बताए । उनले वडा अध्यक्षको आन्दोलनलाई नौटंकी संज्ञा दिँदै भने, "हाम्रो नेता कार्यकर्तामाथी आक्रमण गर्ने र पक्राउ पर्ने डरले उल्टै आन्दोलनको नाटक गर्ने काम मात्र हो ।"

आन्दोलनकै क्रममा जनमत पार्टीका नेता कार्यकर्ता सम्मिलित एक जुलुस मंगलबार प्रहरी चौकी हनुमाननगर पुगि दोषिलाई कारवाही गर्न माग गरेका छन् ।

# चालीस वर्षपछि नाफामा जडीबुटी उत्पादन कम्पनी

काठमाडौँ, १३ पुस (रासस) ।

जडबुटीको भरपुर उपयोग गरी अर्थतन्त्रलाई सवल तुल्याउने उद्देश्यले स्थापित देशको एकमात्र कम्पनी 'जडीबुटी उत्पादन तथा प्रशोधन कम्पनी' ४० वर्षपछि नाफा आर्जन गर्न सफल भएको छ ।

विसं २०३८ मा स्थापित सरकारी कम्पनीले आर्थिक वर्ष २०७६/०७७ मा पहिलो पटक नाफा कमाउन र सो नाफाबाट कामदार तथा कर्मचारीलाई बोनससमेत बाड्न सफल भएको हो ।

कम्पनीका महाप्रबन्धक ज्ञानेश्वर कार्कीद्वारा जारी विज्ञप्तिमा कम्पनीले विगतको कार्य प्रणाली, उत्पादन, बिक्रीलगायत अन्य क्षेत्रमा गरेको सुधार एवं आधुनिकीकरणबाट हालको अवस्थामा आइपुगेको र यसले आगामी दिनमासमेत नाफा बढाउनाका साथै अंशियारलाई लाभांश तथा कर्मचारीलाई बोनस बाढ्न सक्ने अवस्थामा पुग्ने बताएको छ । कम्पनीले आव २०७६/०७७ मा खुद नाफाबाट रु सात लाख बराबरको बोनस कामदार तथा कर्मचारीलाई वितरण गरेको थियो ।

न्यून जनशक्ति र साधन तथा स्रोतलाई अधिकतम उपयोग गर्दै लोकप्रिय उत्पादन 'सञ्चो'लगायत अन्य उत्पादनका सामग्रीको बिक्री प्रणालीमा गरिएको सुधारका कारण कम्पनी सवल बन्दै गएको बताइएको छ । नियमित लेखापरीक्षण, प्रविधिको प्रयोग तथा वितरण प्रणालीमा गरिएको सुधारले कम्पनीको क्षमता विस्तार भएको र बजारमा राम्रो प्रदर्शनी गरिएको जनाइएको छ ।

"नियमित लेखापरीक्षण गरी सोको प्रतिवेदन समयमै महालेखा परीक्षकको कार्यालयमा पेश गरिएको, लेखा प्रणालीलाई सुधार गरी सफ्टवेर निर्माण गरिएको, विगत २८ वर्षदेखि हुन नसकेको साधारणसभा सम्पन्न भएको र प्रत्येक वर्ष नियमित साधारणसभा समयमै सम्पन्न गरिएकाले स्थापनाको पुरानो शेयर संरचनालाई सुधार तथा परिमार्जन गर्ने दिशामा कम्पनी अग्रसर छ", विज्ञप्तिमा उल्लेख छ ।

सरकारी निकायमात्र शेयर सदस्य रहेको कम्पनीले आफ्नो शेयर संरचनामा सुधार र परिमार्जन गरी पूँजी वृद्धिका लागी सार्वसाधारणलाई शेयर निष्काशन गर्ने तयारी गरेको छ । उक्त कम्पनीमा हाल नेपाल सरकारका साथै नेपाल औषधि लिमिटेड, वन पैदावर विकास समिति र कृषि विकास बैंक शेयर सदस्यका रूपमा रहेका छन् ।

सरकारको औद्योगिक क्षेत्रमा रहेका सार्वजनिक संस्थानमध्ये यही कम्पनी नै नाफामा रहेको एकमात्र संस्था हो । अर्थ मन्त्रालयले प्रकाशन गरेको २०७८ को सार्वजनिक संस्थानको वार्षिक समीक्षा प्रतिवेदनमा पनि यस कम्पनीले आव २०७७/७८ मा रु एक करोड २२ लाख खुद नाफा गरेको विज्ञप्तिमा भनिएको छ ।

## विश्व समाचार

### चीनभित्रै भएका कोरोना सङ्क्रमितहरुको संख्या बढ्दै

बेइजिङ, १३ पुस (रासस/सिन्हवा) ।

चीनमा नै सङ्क्रमित भएका कोरोना भाइरसका नयाँ सङ्क्रमित भेटिएको यहाँका स्वास्थ्य अधिकारीले जानकारी गराएका छन् चीनभित्रै सङ्क्रमणका भएका नयाँ सङ्क्रमित भेटिने क्रम बढ्दै गएको पनि ती अधिकारीहरुले जनाएका छन् । उनीहरुका अनुसार सोमबार मात्र पनि चीनमा कोरोना भाइरसका १८२ जना नयाँ सङ्क्रमित थपिएका छन् । ती सङ्क्रमति चीनको साङ्सी प्रान्तमा बढी पाइएका बताइएको छ । तीमध्ये धेरैजसो स्वदेशमा नै पाइएको ती अधिकारीले जानकारी दिए । त्यस्तै १५ जना मात्र सङ्क्रमित बाहिरबाट आएका मानिसमा भेटिएको पाइएको मङ्गलबार जानकारी दिइएको हो । चीनको नेशनल हेल्थ कमिसनले मङ्गलबार दिएको जानकारीअनुसार चीनमा नयाँ सङ्क्रमित भेटिने क्रम बढ्दै गएको छ । यहाँका स्थानीय नागरिकहरुमा नै सङ्क्रमण बढेको पाइएकाले चीन पनि पछिल्लो समयमा कोरोना भाइरसका सङ्क्रमित भेटिने क्रम बढेको बताइएको हो । सोही कारणले चीनले पछिल्लो समयमा कोरोनाको परीक्षणलाई तीव्रता दिएको जनाएको छ । चीनले कोरोनाबाट निको भएका नागरिकहरुको पुनः स्वास्थ्य जाँच सुरु गरेको छ । कोरोना पुनः हुनसक्ने सम्भावनालाई मध्यनजर गर्दै चीनले यस्तो कदम सुरु गरेको जनाएको छ ।

### ब्राजिलमा भारी वर्षा जारी, बीसको मृत्यु

ब्रासिलिया, १३ पुस (रासस/सिन्हवा) ।

ब्राजिलमा भारी वर्षा जारी रहेको छ । सो वर्षाबाट सोमबारसम्ममा २० जनाको ज्यान गएको बताइएको छ । ब्राजिलको उत्तरपूर्वी बाहियामा सो वर्षाको प्रभाव बढी देखिएको छ । सो राज्यमा आएको वर्षाका कारण भौतिक क्षति पनि पुगेको छ । यहाँको प्रकोप नियन्त्रण निकायले सोमबारसम्म सो वर्षाबाट कम्तीमा पनि २० जनाको ज्यान गएको छ भने अरु ३५८ जना घाइते भएका जनाएको छ । वर्षापछिको बाढीका कारण उनीहरु घाइते भएका हुन् । सो वर्षाबाट करिब पाँच लाख नागरिक नराम्ररी प्रभावित भएका बताइएको छ ।

### भारतमा थप ६ हजार ३५८ जना कोरोना संक्रमित

नयाँदिल्ली, १३ पुस (रासस/एएनआई) ।

भारतमा कोरोना भाइरसबाट थप छ हजार ३५८ सङ्क्रमित केन्द्रीय स्वास्थ्य र परिवार कल्याण मन्त्रालयले मङ्गलबार जानकारी दिएको छ । गत २४ घण्टामा थपिएका सङ्क्रमितहरु मध्ये ६५३ जना ओमिक्रोन भेरियन्टका रहेका छन् । भारतमा अहिले सङ्क्रमित अवस्थामै रहेकाको सङ्ख्या ७५ हजार ४५६ रहेको छ । अहिले सङ्क्रमित अवस्थामै रहेकाको सङ्ख्या कूल सङ्क्रमितको सङ्ख्याको ०.२२ प्रतिशत मात्रै रहेको मन्त्रालयले जनाएको छ । सक्रिय सङ्क्रमितको यो संख्या सन् २०२० मार्चपछि सब भन्दा कम भएको समाचारमा जनाइएको छ । गएको २४ घण्टामा भारतमा छहजार ४५० जना कोरोनाबाट मुक्तभएका छन् । यसैसँगै कोरोना सुरु भएयता हालसम्म तीन करोड ४२ लाख ४३ हजार ९४५ जनालाई कोरोना सङ्क्रमण निको भएका छन् । भारतमा कोरोना भाइरस निको हुने दर ९८.४० प्रतिशत रहेको जनाइएको छ । यो सङ्ख्या सन् २०२० को मार्चपछि सबभन्दा बढी भएको समाचारमा जनाइएको छ । सोही अवधिमा थप २९३ जनाको कोरोना सङ्क्रमणका कारण मृत्यु भएको छ । यसैसँगै भारतमा कोरोनाको कारण ज्यान गुमाउने व्यक्तिको सङ्ख्या चार लाख ८० हजार २९० पुगेको मन्त्रालयले थप जानकारी दिएको छ । भारतमा कोरोना सुरु भएदेखि हालसम्म ६७ करोड ४१ लाख भन्दा बढी व्यक्तिको कोरोना परीक्षण भएको छ । यहाँ गत जनवरी १६ बाट कोरोना भाइरसविरुद्ध खोप अभियान शुरु भएको थियो । सो समयदेखि हालसम्म एक अर्व ४२ करोड ४६ लाख ८१ हजार ७३६ भन्दा बढी डोज खोप लगाइएको जनाइएको छ ।

### संयुक्त राष्ट्रसंघको उडान अस्थायी रूपमा पुनः सुरु गर्ने घोषणा

साना, १३ पुस (रासस/एएफपी) ।

यमनका हुथी विद्रोहीहरूले मङ्गलबार साउदी नेतृत्वको गठबन्धन हवाई हमलाका कारण रोकिएको एक सातापछि राजधानीको साना विमानस्थलमा संयुक्त राष्ट्रसङ्घका उडानहरू अस्थायी रूपमा पुनः सुरु गर्न अनुमति दिएको बताएका छन् । नागरिक उड्डयन प्राधिकरणले अस्थायी आधारमा साना एयरपोर्टमा संयुक्त राष्ट्रसंघ र अन्य संगठनको उडानहरू पुनः सुरु गर्ने घोषणा गरेको छ,' विद्रोहीद्वारा सञ्चालित अल-मासिराह टेलिभिजनले जनाएको छ । यमनमा सन् २०१४ देखि साउदी नेतृत्वको गठबन्धनले समर्थन गरेको सरकार र इरानसमर्थित हुथी विद्रोहीबीचको गृहयुद्धमा फसेको छ । विद्रोही-नियन्त्रित राजधानीमा उडानहरू अगस्ट २०१६ देखि साउदी नेतृत्वको नाकाबन्दीले धेरै हदसम्म रोकिएको छ, तर त्यहाँ सहायता उडानहरूका लागि छुट गरिएको थियो । हुथी विद्रोहीहरूले सानामा गत हप्ता साउदी नेतृत्वको हवाई हमलाबाट संयुक्त राष्ट्रसंघको सहायता उडानहरू रोकिएको बताएका थिए । तर गठबन्धनले दुई दिनअघि नै विमानस्थल बन्द गरिएको र विद्रोहीहरूलाई दोष दिएको बताएको छ । गठबन्धनका प्रवक्ता टर्की अल-मालिकीले आइतबार हुथीहरूले साना विमानस्थललाई "सैन्यकरण" गर्दै र राज्यतर्फ ब्यालेस्टिक मिसाइल र ड्रोन प्रक्षेपण गर्न मुख्य केन्द्रको रूपमा प्रयोग गरिरहेको बताउनु भएको छ ।

# थप २ सय ६४ जनामा कोरोना संक्रमण पुष्टि

काठमाडौं, १३ पुस (रासस)। देशभर पछिल्लो २४ घण्टामा थप २६४ जनामा कोरोना भाइरस सङ्क्रमण पुष्टि भएको छ। यस अवधिमा १२ हजार ५६६ जनाको पिसीआर परीक्षण गरिएको थियो। योसँगै नेपालमा पिसीआर परीक्षण गर्नेको संख्या आठ लाख २७ हजार ७६३ पुगेको स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले जनाएको छ। एन्टिजेन विधिबाट परीक्षण गर्दा सङ्क्रमितको संख्या ९६ हजार १७४ पुगेको छ। पछिल्लो समय थप २६० जना कोरोनाबाट निको भएका छन्। योसँगै कोरोनाबाट मुक्त हुने संख्या आठ लाख ११ हजार २६५ पुगेको छ। निको हुने दर ९८ प्रतिशत रहेको मन्त्रालयले जनाएको छ।

पछिल्लो २४ घण्टामा कोरोनाबाट दुई जनाको मृत्यु भएको छ। योसँगै कोरोनाबाट मृत्यु हुनेको संख्या ११ हजार ५९८ पुगेको छ। कोरोनाबाट हुने मृत्युदर १.४ प्रतिशत छ।

त्यसैगरी, पछिल्लो समय दुई लाख ८३ हजार २६५ जनाले कोरोना भाइरसविरुद्धको खोप लगाएको मन्त्रालयले जनाएको छ। हाल देशभर सक्रिय सङ्क्रमितको संख्या चार हजार ९ सय १० छ।

# स्थानीय प्रशासनद्वारा सिरहामा दुई दिने निषेधाज्ञा जारी

जनकपुर, १३ पुस (रासस)। स्थानीय प्रशासनले सिरहामा मंगलबार बिहानदेखि दुई दिनका लागि निषेधाज्ञा जारी गरेको छ। डा सिके राउत नेतृत्वको जनमत पार्टीले विगत तीनदेखि जारी राखेको बन्द हड्तालका कारण सर्वसाधारण जोखिममा परेको भन्दै जिल्ला प्रशासन कार्यालय सिरहाले मंगलबार बिहानदेखि भोलि बेलुका ७ बजेसम्मका लागि निषेधाज्ञा जारी गरेको हो।

सिरहाका प्रमुख जिल्ला अधिकारी लालबाबु कवारीले विज्ञप्ति जारी गर्दै पूर्वमा बलानखोलाबाट पश्चिममा कमला नदीसम्मको पूर्वपश्चिम राष्ट्रिय लोकमार्ग तथा लोकमार्गको उत्तर-दक्षिण ५०० मिटर आसपासको क्षेत्रसम्म निषेधाज्ञा जारी गरेको जानकारी दिनुभयो। सिरहाको चोहर्वाबाट सिरहा सडकखण्डको पिकेराज इन्टरप्राइजेज (पेट्रोल पम्पसम्म) तथा सो मार्गसमेत तथा ५०० मिटर पूर्व-पश्चिम आसपासका क्षेत्रसम्म निषेधाज्ञा जारी गरिएको प्रजिअ कवारीको विज्ञप्तिमा उल्लेख छ।

जनमत पार्टीले केही दिनअघिदेखि सिरहा जिल्लामा गरिरहेको आमहड्ताल र चक्काजामका कारण सर्वसाधारणमा पर्न सक्ने सम्भावित जोखिमलाई मध्यनजर गरी मंगलबार बिहान ५ देखि भोलि बेलुका ७ बजेसम्म कुनै किसिमको भेला हुन, बाहिर हिँडडुल गर्न तथा राजनीतिक सभा तथा गतिविधि गर्न नपाउने गरी स्थानीय प्रशासन ऐन २०२८ को दफा ६ (२) र (३) बमोजिम देहायका क्षेत्रहरूमा निषेधाज्ञाको आदेश जारी गरिएको प्रजिअ कवारीले बताउनुभयो।

सो अवधीभर राष्ट्रिय लोकमार्ग र सिरहा चोहर्वा सडकखण्डमा यातायात भने सुचारु रहने र आदेश उल्लंघन गर्नेलाई सुरक्षामा खटिएका सुरक्षाकर्मीले नियन्त्रणमा लिई कानून बमोजिम कारवाही गरिने समेत विज्ञप्तीमा उल्लेख छ।

सिरहाको औरही गाउँपालिकाले गहुँको बीउ बाँड्न ढिलाइ गरेको भन्दै किसानहरूले गाउँपालिकाको गोदामबाट गहुँ लगेका थिए। गहुँको लुटपाटमा संलग्न रहेको आरोपमा प्रहरीले किसानलाई पक्राउ गरेको भन्दै जनमत पार्टीले गत आइतबारदेखि सिरहा बन्दको आह्वान गरेको हो। झुटो मुद्दामा पक्राउ गरेका किसानलाई रिहा गर्नुपर्ने मागसहित जनमत पार्टीले बन्द र हड्ताल गर्दै आएका छन्। सो क्रममा जनमत पार्टीका कार्यकर्ताले गोलबजारमा एउटा ट्रक जलाएका थिए भने दुई दर्जन सवारीसाधनमा तोडफोड गरेका थिए।

# जन्ती बोकेको जीप दुर्घटना हुँदा पाँचको मृत्यु

रौतहट, १३ पुस (रासस)। रौतहटमा जन्ती बोकेको जीप दुर्घटना हुँदा पाँच जनाको मृत्यु भएको छ। दुर्घटनामा तीन जना घाइते भएका छन्।

जन्ती लिएर सदरमुकाम गौरबाट चन्द्रनिगाहपुरतर्फ जाँदै गरेको भारतीय बीआर ०५ पीए ६९५३ नम्बरको जीप गरुडामा दुर्घटना भएको हो।

दुर्घटनामा बाराको गढीमाई नगरपालिका-४ का मुसाफिर अन्सारी र सोही ठाउँका शेख छोटुको घटनास्थलमै मृत्यु भएको प्रहरी नायव उपरीक्षक श्रीराम भण्डारीले जानकारी दिनुभयो।

अन्य तीन जनाको स्थानीय स्वास्थ्य चौकीमा उपचारका क्रममा ज्यान गएको हो। तीनै जनाको सनाखत हुन नसकेको भण्डारीले बताउनुभयो।

घाइते तीन जनाको गरुडा अस्पतालमा उपचार भइरहेको छ। दुर्घटनाको कारण खुलन नसकेको प्रहरीले जनाएको छ।

# प्रेस स्वतन्त्रता हननका विभिन्न ३१ घटना

**दैनिक समाचारदाता**
**काठमाडौं, १३ पुस।**

चालु आर्थिक वर्षमा प्रेस स्वतन्त्रता हननका विभिन्न ३१ घटना भएका छन्।

प्रेस काउन्सिल नेपालको प्रेस स्वतन्त्रता अनुगमन शाखामा अभिलेख भएअनुसार आ.व. २०७८/०७९ को २०७८ साउन १ देखि २०७८ मङ्सिर मसान्तसम्ममा प्रेस स्वतन्त्रता हननका ३१ वटा घटना भएको पाइएको हो।

काउन्सिलका वरिष्ठ प्रशासकीय अधिकृत एवं प्रवक्ता दीपक खनालद्वारा जारी विज्ञप्तिअनुसार गिरफ्तारीका ५, कब्जा/अवरोधका २, आक्रमणका २, धम्की/दुर्व्यवहारका १२ र पेसागत असुरक्षाका १० घटना भएका छन्।

प्रेस स्वतन्त्रता हननका घटनाको अभिलेख अनुसार सबैभन्दा बढी बाग्मती प्रदेशमा १७ वटा घटना भएको छ भने प्रदेश नं. २, गण्डकी प्रदेश, लुम्बिनी प्रदेश र सुदूरपश्चिम प्रदेशमा २/२ वटा घटना रहेको छ।

गत आर्थिक बर्ष ०७७/७८ मा भने ६१ वटा प्रेस स्वतन्त्रता हननका घटना अभिलेख भएको प्रवक्ता खनालले जनाउनुभयो। काउन्सिलले प्रेस स्वतन्त्रता हननका घटनाको अभिलेख राख्नुका साथै कतिपय घटनाका सम्बन्धमा विस्तृत अध्ययन एवं अनुगमन गर्दै आएको छ। प्रेस स्वतन्त्रता हननका घटनाबारे जानकारी गराउन प्रेस काउन्सिल नेपालले अपिल समेत गरेको छ।

# पक्राउ परेका किसान रिहा

**दैनिक समाचारदाता**
**काठमाडौं, १३ पुस।**

सिरहाको औरही गाउँपालिकामा गहुँ लुटेको आरोपमा पक्राउ परेका किसान मिथिलेश यादव रिहा भएका छन्। उनी जिल्ला अदालत सिरहाबाट साधारण तारिखमा रिहा भएका हुन्।

औरही गाउँपालिका ३ घर भएका किसान यादवलाई प्रहरीले पुस ८ गते पक्राउ गरेको थियो। उनीसहित चार जनामाथि औरही गाउँपालिकाले मुद्दा दर्ता गराएको छ। अन्य तीन जना भने पक्राउ परेका छैनन्।

डा. सीके राउत नेतृत्वको जनमत पार्टीले चार दिनदेखि आन्दोलन जारी राखेपछि उनलाई रिहा गर्न प्रशासन बाध्य भए।

आन्दोलनका क्रममा पक्राउ परेका राउतका १८ जना कार्यकर्तालाई पनि प्रमुख जिल्ला अधिकारी लालबाबु कवारीले छाड्न निर्देशन दिएको हो।

### किसान तथा ...

सवारीसाधन सडकमै थन्किएका थिए।

सिरहाको औरही गाउँपालिकाले गहुँको बीउ बाँड्न ढिलाइ गरेको भन्दै किसानहरूले गाउँपालिकाको गोदामबाट गहुँ लगेका थिए।

झुटो मुद्दामा पक्राउ गरेका किसानलाई रिहा गर्नुपर्ने मागसहित जनमत पार्टीले बन्द र हड्ताल गर्दै आएको छ। सो क्रममा जनमत पार्टीका कार्यकर्ताले सिरहाको गोलबजारमा एउटा ट्रक जलाएका थिए भने दुई दर्जन सवारीसाधनमा तोडफोड गरेका थिए।

## नेपाल पत्रकार महासंघ शाखा सप्तरीको सूचना

नेपाल पत्रकार महासंघ शाखा सप्तरीले पछिल्लो २७ वर्षदेखि निरन्तर रुपमा सप्तरीका स्वर्गीय पत्रकार लोकेन्द्र बुढाथोकीको स्मृति दिवस 'पुस २६ गते'का दिन मनाउँदै आएको सर्वविदितै छ।

यसवर्ष पनि पुस २६ गते सोमबारकादिन २८औं लोकेन्द्र स्मृति पत्रकारिता पुरस्कार विशेष समारोहकाबीच निर्भिक, निष्पक्ष एवम् खोजमूलक समाचार सम्प्रेषण गर्ने एक जना पत्रकारलाई प्रदान गरिनेछ।

तसर्थ, सप्तरी जिल्लालाई कार्यक्षेत्र बनाएर पत्रकारिता गर्दै आएका सञ्चारकर्मीहरुले आ-आफ्नो व्यक्तिगत विवरण, निवेदनसहित एक वर्षयता(२०७७ पुस २७ गतेदेखि २०७८ पुस १३ सम्म) हालसम्म प्रकाशित/प्रशारित समाचार सामग्रीहरुमध्ये कम्तिमा तीन वटा महासंघको कार्यालयमा बुझाउनु हुन अनुरोध छ।

**नोट** : रेडियो र टेलिभिजनका पत्रकारले https://wetransfer.com बाट fnjsaptari78@gmail.com मा समेत 'समाचार सामग्री' पठाउन सकिन्छ।

कागजात बुझाउने स्थान : नेपाल पत्रकार महासंघ शाखा सप्तरीको कार्यालय, राजविराज
बुझाउने मिति : २०७८ पुस १४ देखि २२ गतेसम्म
समय : विहान ११ बजेदेखि ३ बजेसम्म
मिति : २०७८/०९/१३ गते।

रामनारायण विश्वास
सचिव
नेपाल पत्रकार महासंघ
शाखा सप्तरी, राजविराज


पत्रकार आचारसंहिताको पालना गरौं।

सञ्चारमाध्यमले

- बालबालिकाको मनोविज्ञानमा नकारात्मक असर पार्नेगरी,
- अपांगता भएका व्यक्तिलाई होच्याउने, आत्मसम्मानमा चोट पुऱ्याउने गरी,
- हिंसा, आतंक, अश्लिलता, अपराधलाई प्रश्रय हुनेगरी,
- पीडितलाई थप पीडादिने, अशक्त असहाय, अल्पसंख्यक महिला तथा जेष्ठ नागरिकको मर्यादा र आत्मसम्मानमा प्रतिकूल असर पर्नेगरी,

कुनैपनि सामाग्रीहरु संप्रेषण नगरौं, पत्रकार आचारसंहिताको सम्मान गरौं।

नेपाल सरकार
विज्ञापन बोर्ड



देश विदेशबाट पठाइएको रकम तुरुन्त भुक्तानी लिनका लागि सम्झनुहोस्। हाम्रो सेवाहरु

नेपाल सहकारी संस्था लि.
राजविराज ४, फोन नं. ०३१-५२१०९६

ipay remit | City Express Money Transfer | Best Remit | Prabhu Money Transfer | IME International Money Express | himal remit हिमालरेमिट | CG Money



**प्रकाशक** : नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक** : अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक** : दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट** : संजय शेखर,
**मुद्रण** : न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५२०७६८ (कार्यालय), **इमेल** : rajbirajdainik@gmail.com, **वेबसाइट** : rajbirajdainik.com.np